आज मिति २०८३/०६/१९ गतेका दिन यस मालारानी गाउँ कार्यपालिकाको ८४ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| क्र. स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | - | श्री दिपा पोखेल | उपाध्यक्ष | |
| ३ | १ | श्री दधिराम आचार्य | सदस्य | |
| ४ | २ | श्री योगेन्द्रनाथ भुसाल | सदस्य | |
| ५ | ३ | श्री दण्डपाणि पोखेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोखेल | सदस्य | |
| ७ | ५ | श्री तुल्सीराम मिश्र(तिलक) | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार वस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | |
| १३ | ८ | श्री पद्मा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | |
| १५ | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | |
| १८ | - | श्री गोविन्द भट्टराई | सदस्य- सचिव | |
| १९ | ६ | तुम बहादुर घर्ति मगर | का.बा अध्यक्ष | |
| २० | | | का.बा.अध्यक्ष | |
| २१ | | | का.बा.अध्यक्ष | |

**कार्यसम्पादन सहयोगी कर्मचारीहरुः-**

१- तेज प्रसाद खनाल - वरिष्ठ प्रशासकीय अधिकृत
२- शिव प्रसाद अर्याल - ले. अ.
३. विनोद खनाल - सूचना प्रविधि अधिकृत
४- पदम आचार्य - स.उ.अ.
५. शेखर खनाल - डा.स. शेखर

## मालारानी गाउँपालिका, अर्घाखाँची
## गाउँ कार्यपालिकाको ८४औं बैठक

मिति: २०८३।०६।१०
समय: बिहान ११.०० बजे

प्रमुख प्रशासकीय अधिकृत

बैठकका प्रस्तावहरु

१ ८३ औं बैठकको समिक्षा सम्बन्धमा।
२ हालसम्मको आय-व्ययको विवरण सम्बन्धमा।
३ विपद्का घटनाहरुको विवरण सम्बन्धमा।
४ सिरुवे खोलामा निर्माणधिन पुल सम्बन्धि प्राप्त गुनासो व्यवस्थापन सम्बन्धमा।
५ सिखरधुम भगवती मन्दिरको निवेदन सम्बन्धमा ।
६ उपभोक्ता समिति गुर्ठा तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८३ सम्बन्धमा।
७ सामुदायिक वन व्यवस्थापन कार्यविधि,२०८३, सम्बन्धमा।
८ मानवसेवा आश्रमले यस गाउँपालिकाबाट उद्धार गरिएका व्यक्तिहरुको अभिलेखिकरण सम्बन्धमा।
९ गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि निशुल्क जग्गादाताको निवेदन सम्बन्धमा।
१० प्रदेश लोकसेवा आयोगमा रिक्त पदहरुको पुर्तिका लागि माग आकृत्ति फारम पेश गर्ने सम्बन्धमा।
११ आधारभुत अस्पतालको लागि अत्यावश्यक औषधी र औषधिजन्य सामाग्री व्यवस्थापन सम्बन्धमा।
१२ पान नं. सम्बन्धमा
१३ बाल विकास सहजकर्ता समेतको तलव सम्बन्धि बिषयमा छलफलका लागि अन्य पालिकासँगको समन्वय बैठकको निर्णय सम्बन्धमा
१४ वर्थिङ् सेन्टरमा रिक्त अ.न.मी. क.न. ज.न. चौथी तहको रिक्त पद करारबाट पदपुर्ती सम्बन्धमा।

### बैठकका प्रस्ताव र निर्णयहरु

| नि.न. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | ८३औं बैठकको समिक्षा। | अघिल्लो बैठकबाट भएका निर्णयहरुको अवस्था विश्लेषण हुनुपर्ने। | मिति २०८३।०५।२४ गतेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरु कार्यान्वयन प्रक्रियामारहेकोले उल्लेखित निर्णयहरुको समिक्षात्मक विश्लेषणलाई अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| २ | हालसम्मको आय-व्ययको विवरण सम्बन्धमा | गाउँपालिकाको समग्र आय-व्यय तथा वित्तिय प्रगतिको विवरण गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको। | आ.व. २०८३।०८४ का लागि गाउँसभाबाट विनियोजित रू ६६ करोड ०६ लाख ७० हजार मध्ये हालसम्म आम्दानी ३०.०२ प्रतिशत आय भई चालुतर्फ २.४ प्रतिशत र पुँजीगत बजेट तर्फ ५.३२ प्रतिशत गरी जम्मा ३.०२ प्रतिशत प्रगति हासिल भएको व्यहोरा बैठकमा प्रस्तुत भएकोले अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| ३ | विपद्का घटनाहरुको विबरण सम्बन्धमा। | मिति २०८३।०६।८-११ गते सम्मको अविरल बर्षा र तिब्र गतिको हावाहुरीबाट भएको क्षतिको विवरण एकिन गरी राहतका कार्यक्रम उपलब्ध गराउन गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | मिति २०८३।०६।८-११ गते सम्मको अविरल बर्षा र तिब्र गतिको हावाहुरीबाट भएको क्षतिको सबै विवरण प्राप्त भई नसकेको र प्राप्त हुने क्रम जारी रहेको अवस्थामा अवरुद्ध भएका खानेपानी योजना सञ्चालनको लागि प्राविधिकको ल.इ. को आधारमा पाइपहरु उपलब्ध गराउने र अन्य विवरणलाई एकिकृत गरी वडागत रुपमा सम्बन्धित वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको जन प्रतिनिधि र सम्बन्धित वडाको प्राविधिक कर्मचारीबाट स्थलगत निरीक्षण गरी/ गराई सत्य तथ्य प्रतिवेदन १५ दिन भित्र पेश गर्ने र उक्त प्रतिवेदनहरु विपद् व्यवस्थापन समितिको बैठकमा पेश गरी आवश्यक राहतको व्यवस्था गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

...बहादुर भट्टराई
अध्यक्ष

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ४ | सिख्रे खोलामा निर्माणधिन पुल सम्बन्धि प्राप्त गुनासो व्यवस्थापन सम्बन्धमा | वडा न. ५ स्थित सिख्रे खोलामा निर्माणधिन पुल निर्माणको कार्य तत्काल रोकी छलफल एवं स्थलगत नरिक्षण गरी खेतीयोग्य जमिनमा थप क्षति नगराउनको लागि पदमा वि.क.ले गुनासो निवेदन दिएकोले सो गुनासो व्यवस्थापनको लागि गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | यस गाउँपालिका वडा नं. ५ स्थित सिख्रेखोलामा निर्माणाधिन पुलको निर्माण कार्य तत्काल रोक्का गरी छलफल तथा स्थलगत निरिक्षण गरी खेतीयोग्य जमिनको क्षति कम गराइपाउँ भन्ने समेतको पदमा वि.क.को लिखित निवेदन तथा गुनासो व्यवस्थापनको लागि गाउँपालिका, निर्माण व्यवसायी, वडा कार्यालय, योजना कार्यान्वयन गर्ने निकाय र निवेदनकर्तासँग समन्वय गरी मिति २०८३।०६।२१ गते योजना स्थलमै उपस्थित भै छलफल गरी गुनासो व्यवस्थापन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ५ | सिखरथुम भगवती मन्दिरको निवेदन सम्बन्धमा | यस गाउँपालिका वडा नं.५ निवासी मानसिक सन्तुलन गुमाएका सुरज वि.क.ले मिति २०८३।०४।०९ गते रातको समयमा सिखरथुम भगवती मन्दिर तोडफोड गरी पुर्ण क्षति गराएकोले मन्दिर मर्मतको लागि आर्थिक सहयोग माग गरी उक्त मन्दिरका अध्यक्ष रामलाल भुसालले निवेदन पेश गर्नु भएकोले सहयोग रकम उपलब्ध गराउन गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | यस गाउँपालिका वडा नं. ५ स्थित सिखरथुम मन्दिर तोडफोड गरी क्षति गराएका व्यक्ति मानसिक सन्तुलन गुमाएका व्यक्ति भएकोले निजबाट क्षति भराउन नसकिने हुँदा उक्त मन्दिर मर्मतको लागि रु.२००००।००(बीस हजार) कामको आधारमा आर्थिक सहयोग उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ६ | उपभोक्ता समिति दर्ता तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८३ सम्बन्धमा। | उपभोक्ता समिति मार्फत गरिने कार्यलाई थप व्यवस्थित गर्नको लागि विधेयक समितिबाट मालारानी गाउँपालिकाको उपपभोक्ता समिति दर्ता तथा व्यवस्थापन कार्यविधि, २०८३ पेश हुनु आएकोले गाउँ कार्यपालिकाबाट स्वीकृत गर्नुपर्ने | संलग्न बमोजिम *"मालारानी गाउँपालिकाको उपभोक्ता समिति दर्ता तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८३"* स्वीकृत गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ७ | सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८३, २०८३ सम्बन्धमा। | गाउँपालिका भित्रका सामुदायिक वनलाई थप व्यवस्थित गर्नको लागि विधेयक समितिबाट मालारानी गाउँपालिकाको सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८३ सिफारिस भई पेश हुन आएकोले उक्त कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने कानुनी व्यवस्था भएको। | संलग्न बमोजिम *"मालारानी गाउँपालिकाको सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८३"* स्वीकृत गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ८ | मानवसेवा आश्रमले यस गाउँपालिकाबाट उद्धार गरिएका व्यक्तिहरुको अभिलेखिकरण सम्बन्धमा। | मानवसेवा आश्रमको च.नं.६८/२०८३/८४ मिति२०८३।०५।२८ को पत्रसाथ यस पालिकाबाट उद्धार गरिएका व्यक्तिको विवरण अभिलेखिकरणको लागि पठाएकोले गाउँ कार्यपालिकाको बैठकबाट निर्णय हुनुपर्ने। | मानवसेवा आश्रमबाट प्राप्त भएको विवरण अनुसार यस गाउँपालिका वडा नं. ६ लमधारा निवासी वर्ष ३९ को विष्णु बहादुर थापाको मिति २०७५।११।०१ गते उद्धार गरी सो आश्रमको हेटौडा मकवानपुर जिल्लाको सेन्टरमा आश्रित रहेकोले सोको विवरण यस गाउँपालिकामा अभिलेखि करण गर्ने र उक्त कार्यकालागि मानवसेवा आश्रमलाई धन्यवाद दिने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर भट्टराई
**अध्यक्ष**

CamScanner

CamScanner

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| नि.नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १३ | बाल विकास सहजकर्ता समेतको तलब सम्बन्धि बिषयमा छलफलका लागि अन्यपालिकासँगको समन्वय बैठकको निर्णय सम्बन्धमा । | बाल विकास सहजकर्ता समेत विद्यालयका कर्मचारीहरुको तलब भत्ता जिल्लाका सबै पालिकामा एकरुपता कायम गर्ने गरी मिति २०८३।०६।०८ गते जिल्ला स्तरमा बसेको निर्णय कार्यान्वयनको लागि गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने । | मिति २०८३।०६।०८ गते जिल्ला समन्वय प्रमुखज्यूको समन्वयमा भएको बैठकमा बाल विकास सहजकर्ता समेत विद्यालयका कर्मचारीहरुको तलब भत्ता जिल्लाका सबै पालिकामा एकरुपता कायम गर्न जिल्लास्थित सबै पालिकालाई अनुरोध गर्ने निर्णय भएको सन्दर्भमा यस गाउँपालिकाबाट आ.व.२०८३।०८४ मा गाउँसभाबाट पारित बार्षिक योजना तथा कार्यक्रममा गाउँपालिकाबाट थप गर्ने पारिश्रमिक स्वीकृत भइसकेकोमा जिल्ला समन्वय बैठकको उक्त निर्णय कार्यान्वयनको लागि जटिलता देखिएकोले सभाबाट पारित भएबमोजिम नै गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| १४ | बर्थिङ् सेन्टरमा रिक्त अ.न.मी. क.न. ज.न. चौथी तहको रिक्त पद करारबाट पदपुर्ती सम्बन्धमा ॥ | यस गाउँपालिका स्थित खन स्वास्थ्य चौकीको बर्थिङ् सेन्टरमा अ.न.मी. पद रिक्त भएकोले करारमा पदपुर्तीको लागि गाउँ कार्यपालिका निर्णय हुनुपर्ने । | खन स्वास्थ्य चौकीको बर्थिङ् सेन्टरमा रिक्त अ.न.मी. पद करारमा पदपुर्तीको लागि कार्यालयलाई निर्देशन गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |

दल बहादुर भट्टराई
**अध्यक्ष**